नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

फोन नं. ०१-४२००३०४

**पत्र संख्या** २०७६/७७

**मिति:** २०७६।७।५

**चलानी नं.** १३४

**विषय:** नमूना हस्ताक्षर उपलब्ध गराईदिने सम्बन्धमा ।

श्री महा/उप/नगरपालिका (सबै)

श्री गाउँपालिका (सबै)

प्रस्तुत विषयमा कन्सुलर सेवा विभागको प.सं. च.नं. ADM ७६२९०६२० मिति २०७६।६।२७ को पत्र यसैसाथ संलग्न छ । उक्त पत्रवाट स्थानीय तहबाट जारी हुने कागजातमा हस्ताक्षर गर्ने अधिकारीको नमूना हस्ताक्षर (सम्भव भएसम्म डिजिटल प्रति समेत) कन्सुलर विभागलाई उक्त कागजातहरु तहाँ विभागमा प्रमाणिकरणको लागि पेश हुँदा आधिकारिकता परिक्षणको लागी आवश्यक भएको भनी माग भएकोले तहाँ स्थानीय तह तथा वडाहरुबाट कन्सुलर विभागमा प्रमाणिकरणको लागि पेश हुने प्रकृतिका कागजातमा हस्ताक्षर गर्ने अधिकारीको दस्तखत नमूना कन्सुलर विभागमा पठाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

जनकराज शर्मा

शाखा अधिकृत

**बोधार्थ** :

श्री सूचना तथा प्रविधि शाखा : वेबसाइटमा अपलोडको लागि ।

श्री कन्सुलर विभाग, काठमाण्डौं ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# कन्सुलर सेवा विभाग

सूचना तथा प्रविधि शाखा
दर्ता नं. २०७६।६।५
मिति ११५

च. नं. ADM७६२९०६२०

मिति:२०७६/०६/२९

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ८८८२
२०७६।६।३०
मिति:-

**विषयः नमूना हस्ताक्षर उपलब्ध गराईदिने सम्बन्धमा ।**

यस विभागमा नेपाल सरकारको विभिन्न स्थानीय निकायहरुबाट जारी भएको कागजात प्रमाणिकरण (attestation) का लागि सेवाग्राहीहरु आउनुहुने र कतिपय अवस्थमा यसरी प्राप्त भएका कागजातहरु फर्जी समेत हुने भएकोले ती निकायहरुबाट जारी भएको कागजातहरुको आधिकारिकताका सम्बन्धमा स्पष्ट हुनकालागि उक्त कागजातहरु जारी गर्ने अधिकारीहरुको हस्ताक्षरको नमूना अति आवश्यक हुने व्यहोरा अनुरोध छ । अतः तहाँ मन्त्रालय मार्फत नेपाल सरकारको प्रत्येक स्थानीय निकायको कागजात जारी/प्रमाणिकरण गर्ने अधिकारीको नमूना हस्ताक्षर (सम्भव भएसम्म डिजिटल प्रति समेत) यस विभागलाई यथाशीघ्र उपलब्ध गराईदिने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

(नमूना हस्ताक्षरको डिजिटल प्रति यस विभागको इमेल ठेगाना attestation@mofa.gov.np मा प्रेषित गरिदिनुहुन अनुरोध छ ।)

सुजनी राना
शाखा अधिकृत

फोन नं. ४२६०१०८,४२६०१२१ फयाक्स ००९७७-१-४२६०११६